प्रस्ताव प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

लेकवेशी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मिति २०८२/१२/०९ गतेको ६६औं नगर कार्यपालिका बैंठकमा पेश भएका प्रस्तावहरूः

तपसिलः

| सि. नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा। | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वयनको समिक्षा गर्ने। | प्र.प्र.अ. | |
| २. | शिक्षक ब्यवस्थापन सम्बन्धमा । | लेकवेशी नगरपालिका वडा नं. ७ स्थित श्री लक्ष्मी मा.वि. लवनामा कार्यरत प्रा.वि. तहका स्थायी शिक्षक श्री रमेश खड्काको कामकाज ब्यवस्थापनका लागि निर्णय गर्नुपर्ने । | प्र.प्र.अ. | |
| ३. | नदिजन्य पदार्थ उत्खननको अनुमति सम्बन्धमा । | ठेक्का नं. IDD/SKT/W/NCB/01/082-83, Upgrading Of Aarantuda Dhadket Thala Jajarkot (Dhadkhet – Thala Jajarkot Section) Road, Surkhet कार्य गर्नका लागि ठेक्का सम्झौता भएको न्यु दिपक- बडिमालिका- सन्तोष जे. भी. वीरेन्द्रनगर - ८, सुर्खेतले नदीजन्य पादर्थ (ढुङ्गा,गिट्टी,बालुवा) उत्खनन् तथा संकलन गर्नका लागि अनुमित दिनुपर्ने । | राजस्व उपशाखा | |
| ४ | चिङ्गाढ खोला ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा । | यस लेकवेशी नगरपालिका अन्तर्गत रहेको चिङ्गाड खोला र भेरी नदी क्षेत्रको विभिन्न स्थानबाट नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री वितरण तथा व्यवस्थापन गरि आन्तरिक आय संकलन तथा स्रोत व्यवस्थापन कार्य गर्नका लागि IEE प्रतिवेदनमा उल्लेख भए बमोजिमको बढाबढ ठेक्काको सूचना प्रकाशनका लागि स्वीकृत प्रदान गर्नुपर्ने । | राजस्व उपशाखा | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२/१२/०९ गतेको नगर कार्यपालिका बैंठकबाट भएका निर्णयहरू:

निर्णय नं. १

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरू माथि आजको बैठकमा ब्यापक छलफल तथा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

लेकवेशी नगरपालिका वडा नं. ७ स्थित श्री लक्ष्मी माध्यामिक विद्यालयको प्राथमिक तह तृतीय श्रेणीमा कार्यरत स्थायी शिक्षक श्री रमेश खड्काको विषयमा लामो समय अघिदेखिनै बि.ब्य.स., शिक्षक अभिभावक संघ, अभिभावक, समुदाय र अन्य सरोकारवालाहरु बीच विवाद तथा झैझगडा भई विद्यालयको शैक्षिक वातावरणमा असहजता पैदा भई पठन पाठन र बार्षिक परिक्षा लगायत कार्यहरु गर्न गार्हो भएकोले निज शिक्षकलाई तहाँ विद्यालयमा राखिरहदा विद्यालयको शैक्षिक वातावरण प्रतिकुल हुन गई थप द्वन्द बढन गई घटना समेत हुन सक्ने अवस्था भएकोले उक्त विद्यालयका द्वन्दरत पक्षलाई विद्यालयको शैक्षिक वातावरण सहज वनाउन र निज शिक्षकलाई दरबन्दी सहित पायक पर्ने विद्यालयमा दरबन्दी कटौती गरी पठाउन लेकवेशी नगर शिक्षा समितिको मिति २०८२/१२/०६ गतेको बैठकबाट सिफारिस भई आएकोले प्राथमिक तह तृतीय श्रेणीका शिक्षक श्री रमेश खड्कालाई लेकवेशी नगरपालिका वडा नं. ७ स्थित श्री पशुपति मा.वि. पुल्टारमा दरबन्दी कटौती सहित पठाउने निर्णय गरियो । साथै यस निर्णयलाई कार्यान्वयनका लागि शिक्षा विकास तथा समन्वय इकाई सुर्खेतमा सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

लेकवेशी नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको मिति २०८२/११/२७ को बैठकको सिफारिस अनुसार ठेक्का नं. **IDD/SKT/W/NCB/01/082-83, Upgrading Of Aarantuda Dhadket Thala Jajarkot (Dhadkhet – Thala Jajarkot Section) Road, Surkhet** कार्य गर्नका लागि ठेक्का सम्झौता भएको न्यु दिपक- बडिमालिका- सन्तोष जे. भी. वीरेन्द्रनगर - ८, सुर्खेतले नदीजन्य पादर्थ (ढुङ्गा,गिट्टी,बालुवा) उत्खनन् तथा संकलन गर्नका लागि राजश्व दाखिला भए पश्चात चिङ्गाढखोला भेरी नदी दोभानको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) अनुसार ठुला मेसिन प्रयोग गरि जम्मा हुने रकम बराबर (आवश्यकताको आधारमा) नदीजन्य पदार्थ उत्खनन् गर्न अनुमित दिने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ४

लेकवेशी नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको मिति २०८२।११।२७ को बैठकको सिफारिस बमोजिम यस लेकवेशी नगरपालिका अन्तर्गत रहेको चिङ्गाड खोला र भेरी नदी क्षेत्रको विभिन्न स्थानबाट नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री वितरण तथा व्यवस्थापन गरि आन्तरिक आय संकलन तथा स्रोत व्यवस्थापन कार्य गर्नका लागि मिति २०८३ बैसाख देखि २०८३ जेष्ठ मसान्त सम्म IEE प्रतिवेदनमा उल्लेख भए बमोजिमको बढाबढ ठेक्का सूचना प्रकाशनका लागि स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत